## १२
## नयाँ करारको मण्डली

आवश्यकताको कारणले, यस संसारमा जीउँदा निर्णयहरु गर्नुपर्ने हुँदछ । धेरैजसो हाम्रा निर्णयहरु साना हुन्छन्, क्षणिक र केही अंशमा महत्वहीन हुन्छन् । अरु निर्णयहरु यति सूक्ष्म रुपमा महत्वपूर्ण हुन्छन् कि तिनीहरुले हामी यस जीवनमा परमेश्वरको अघि कसरी जीउँछौं भन्ने कुरालाई प्रभाव पार्दछन् र हाम्रो अनन्त नियतिलाई निर्धारण गर्दछन् । यी निर्णयहरु जसले हाम्रो जीवन र अनन्ततालाई प्रभाव पार्दछन्, यिनीहरु गर्नु अघि गम्भिरताका साथ सोच्नु र प्रार्थनापूर्वक अनुसन्धान गर्नु आवश्यक हुन्छ । नयाँ करारको मण्डलीमा प्रवेश गर्ने, दुरगामी प्रभाव पार्ने निर्णय जस्तो विचार गर्नुपर्ने निर्णय अरु कुनै हुन सक्दैन । यो प्रश्नको सम्बन्धमा हामीले गरेको निर्णयले हाम्रो परमेश्वरको निम्ति जीउने दैनिक जीवन, हाम्रो आत्मिक परिचय, हाम्रो आराधना, र हाम्रो आत्मिक सेवालाई प्रभाव पार्दछ । यो प्रश्न बारेमा त्यसो भए, निश्चय नै, धर्मशास्त्रहरुको स्पष्ट शिक्षाहरु र हाम्रो अति उत्तम पक्षपात रहित विचार अनुसार यसको उत्तर प्राप्त नभएसम्म ध्यानपूर्वक सोच्नु पर्दछ ।

हाम्रो संसार विभिन्न धार्मिक समूहहरुले भरिएको छ जसले हाम्रो सम्पूर्ण र सहभागिताको माग गर्दछन् । त्यसैले एउटा निर्णय गर्नै पर्ने हुन्छ । कुनचाहिँ नयाँ करारको मण्डली हो ? हामीले कसरी निर्णय गर्न सक्दछौं ?

हामीले सावधानीका साथ प्रमाणको बारेमा सोच्न र सही निर्णय लिन निश्चय नै विवेकको निर्देशन पनि पछ्याउनै पर्दछ, त्यो निर्णय जसले परमेश्वरलाई खुसी पार्दछ । यदि हामीहरुले ईमानदारीकासाथ यी मार्गनिर्देशनहरु पछ्यायौं भने, हामी आजको संसारमा नयाँ करारको मण्डली भनी चिनिन सक्दछौं ।

यी मार्ग निर्देशनहरु के-के हुन् ?

### पहिलो शताब्दीमा मण्डली कसरी चिनिएको थियो ?

मण्डली बारेको पहिलो दृष्टिकोण नयाँ करारमा प्रेरित २ को पछिल्लो खण्डमा पाइन्छ । सुसमाचारहरुले हामीमा येशू र उहाँका प्रेरितहरुको यसबारेको भविष्यवाणीहरुको लेखहरुद्वारा मण्डलीको स्वरुपको बारेमा एउटा अपेक्षा, एउटा पूर्वज्ञान सृजना गरिदिएको छ (मत्ती १६:१८, मर्कूस ९:१, प्रेरित १:४-८) । त्यसपछि, प्रेरित २ मा जब मण्डली स्थापना भएको छ, हाम्रो अघि पवित्र आत्माले मण्डलीको सजीव चित्र राखिदिनु भएको छ ।

मण्डलीको यो चित्रले हामीलाई त्यसको प्रमुख गुणहरु देख्न सहायता गर्दछ । येशूले स्थापना गर्नुभएको मण्डली वास्तविक जीवनमा कस्तो देखिन्छ भनी अब उसो हामी अलमलिनु पर्दैन ।

लूकाले प्रेरित २ मा चित्रण गरे अनुसारका मण्डलीका प्रमुख विशेषताहरु सावधानीका साथ निरीक्षण गरौं :

> तिनीहरु प्रेरितहरुका शिक्षा, संगति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे । हरेकको हृदयमा भय उत्पन्न भयो र प्रेरितहरुद्वारा अचम्मका काम र चिन्हहरु भए । विश्वास गर्नेहरु जति सबै एकसाथ बस्थे र तिनीहरुका सबैथोक साझा थिए । तिनीहरुले आफ्ना सम्पत्ति र मालमा बेचीकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडिदिन्थे । तिनीहरु एकै मनका भई मन्दिर एकसाथ उपस्थित हुन्थे र घर-घरमा रोटी भाँच्थे, र तिनीहरु खुशी र शुध्द हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै र सबै मानिसहरुबाट शुभेच्छा

पाउँदै बस्थे । उध्दार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो (प्रेरित २:४२-४७) ।

हामी यो चित्रमा मण्डलीका के-के गुणहरु देख्दछौं ?

**प्रतिबध्दतामा बलियो**

पहिलो गुण प्रेरितहरुको सिध्दान्त र शिला प्रतिको स्थिर प्रतिबद्धता हो । लूकाले भनेका छन्, "तिनीहरु प्रेरितहरुका शिक्षा, संगति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे" (प्रेरित २:४२) ।

प्रेरितहरुको शिक्षाप्रतिको मण्डलीको यो प्रतिबध्दताले मात्रै पनि उनीहरुको शिक्षालाई ईमानदार भएर, तिनीहरुको एकसाथको आराधना संगति, सेवा र दानमा, तिनीहरुको प्रभुभोज अथवा "रोटी भाँच्ने कार्यको" पालनामा[१५] र प्रार्थनामा लागेको कुरा प्रकट गर्दछ । ख्रीष्ट तिनीहरुको शिर हुनुहुन्थ्यो, र तिनीहरुले उहाँको मण्डलीमा भएको उहाँको अगुवाईलाई उहाँको वचनलाई सम्मान गरेर, जुन उहाँले आफ्नो प्रेरितहरुद्वारा दिनुभएको थियो स्वीकार गरेका थिए ।

हामीललाई ख्रीष्टियान जगत्मा भएको विभाजनले ख्रीष्टलाई उहाँको मण्डली भएर पछ्याउने सरलपनबाट अलमल्याउन दिनु हुँदैन । मण्डली मानिसले बनाएको समूह होइन । यो एउटा मानिसहरुको समूह हो जसले पवित्र आत्माको सन्देशलाई स्वीकार गरेका हुन्छन् र यसरी, उनीहरुको सुसमाचार प्रीतको आज्ञापालनद्वारा पवित्र आत्माद्वारा ख्रीष्टको शरीरमा एकसाथ गाँसिएका हुन्छन् । उनीहरु मात्र ख्रीष्टको अधीनमा हुन्छन् । उनीहरु मानवीय अगुवाईको मात्र अपेक्षा गर्दैनन् तर शरीरको शिर, ख्रीष्टद्वारा, उहाँको प्रकट गरिएको वचनद्वारा अगुवाई गरिएका हुन्छन् । तिनीहरु ख्रीष्टप्रति विश्वासयोग्य हुनु भनेको उहाँको प्रेरणा प्राप्त वचनमा रहनु हो भन्ने दृष्टिकोण राख्दछन् । बाइबलले ख्रीष्टियानहरुको आराधनालाई, यस संसारमा रहँदा ख्रीष्टको हातको रुपमा गरिने तिनीहरुको कामलाई र ख्रीष्टको निम्ति जीउने तिनीहरुको दैनिक जीवनलाई अगुवाई गर्दछ ।

जब हामी पवित्र आत्माले दिनुभएको मण्डलीको चित्रलाई हेर्दछौं, हामी त्यसमा बलियो प्रतिबध्दताको गुण देख्दछौं ।

**दयामा निःस्वार्थ**

मण्डलीको अर्को गुण जुन यो चित्रमा हामी छुटाउन सक्दैनौं त्यो मण्डलीको एक-अर्काप्रतिको निःस्वार्थ दया हो । तिनीहरुको सत्यताप्रतिको ईमानदार आज्ञापालनले तिनीहरुमा एक-अर्काप्रति दयालु प्रेम उत्पन्न गरेको थियो । लूका भन्दछन्, "तिनीहरुले आफ्ना सम्पत्ति र मालमत्ता बेचीकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडिदिन्थे" (प्रेरित २:४५) ।

यहूदीहरु पेन्तिकोसको चाड मान्न रोमी साम्राज्यका विभिन्न भागहरुबाट आएका थिए । तिनीहरुले यो पेन्तिकोस पनि सामान्य हुनेछ भन्ने सोचेका थए, तर तिनीहरु पूर्ण रुपमा आश्चर्यमा परे, किनभने त्यसो भएन । यो त अगमवक्ताहरुले पर्खेर बसेको ऐतिहासिक दिन थियो । पत्रुसको सन्देश सुनिसकेपछि धेरै यहूदीहरुले ख्रीष्टियान हुने निर्णय गरे (प्रेरित २:४१) । तिनीहरुले ख्रीष्टको आज्ञापालन गर्नु भनेको तिनीहरुमा ठूलो परिवर्तन हुनु थियो । एउटा कुराको निम्ति, मण्डली जसको तिनीहरु एउटा अंग भएका थिए त्यसबारेमा प्रेरितहरुद्वारा अझबढि सिक्न तिनीहरुलाई यरुशलेममा बस्न आवश्यक थियो । अकस्मात गरिएको यरुशलेममा बस्ने निर्णय तिनीहरुमध्ये केहीका निम्ति गाह्रो थियो किनभने तिनीहरुले त्यस्तो बसाईको निम्ति कुनै पूर्व योजना बनाएका थिएनन् । तिनीहरुलाई बास र खानाको

[१५] प्रभुभोज कतिपल्ट लिने भन्ने बारेमा लूकाबाट यो पदांशमा छलफल गरिएको छैन, तर उनले प्रेरित २०:७ मा यस भोजमा मण्डलीद्वारा हरेक हप्ताको पहिलो दिनमा, त्यो दिन जसमा येशू बौरी उठ्नुभएको थियो, सहभागिता जनाइन्थ्यो भन्ने कुराको जानकारी दिएका छन् ।

आवश्यकता पर्ने थियो, यसमा कुनै शंका छैन । अरु ख्रीष्टियानहरु जसले त्यस्तो संकट भोग्नु पर्ने थिएन उनीहरुले टाढा-टाढाबाट आएका आफ्ना दाजुभाईहरु तथा दिदीबहिनीहरुको संकटप्रति कस्तो प्रतिक्रिया जनाउनु पर्दथ्यो ? उनीहरुको प्रतिक्रिया दया र प्रेमको एउटा चित्र हो जुन कदाचित् समान हुन्छ । कसै-कसैले आफ्ना दाजुभाईहरुको हेरचाहको निम्ति घर र जमिन बिक्री गरेका थिए । तिनीहरुको कार्यले दयाको गुणलाई प्रकट गरेको छ जुन उहाँको मण्डलीको अंग भएको होस् भनी ख्रीष्टले सधैं चाहना गर्नु भएको छ ।

एउटा सत्य जसले उनीहरुले बाँडचुड गरेको कार्यलाई वर्णन नै गर्न नसकिने गरी सुन्दर बनाएको थियो त्यो पूर्ण रुपमा स्वेच्छिक दान थियो । उनीहरुको दान प्रेरितहरुद्वारा जबरजस्ती अथवा करमा पारेर लिईएको थिएन (प्रेरित ५:४) । यो त कोमल दया र ख्रीष्टको जस्तै प्रेम भएको हृदयबाट उम्रेको थियो । ख्रीष्टले उनीहरुमा एउटा नयाँ स्वभाव, एउटा निःस्वार्थ सहानुभूति उत्पन्न गरिदिनु भएको थियो ।

उनीहरुको दान खाली दान अथवा बाँडचुँड मात्र थिएन जसले गर्दा सबैले समान रुपमा एकै अनुपातमा सामानहरु पाउन सकेका हुन् । यो सामूहिक जीवनयापन पनि थिएन, यो त फिक्री सहितको प्रेम थियो । उनीहरुले जो आवश्यकतामा थिए तिनीहरुलाई दिएका थिए । उनीहरुले आवश्यकतालाई पूरा गरेका थिए, लोभलाई होइन । उनीहरुलाई प्रत्येक अपद्लाई तुरुन्तै समाधान गर्नुपर्छ भन्ने थाहा थियो । जब-जब मानिसहरुको आवश्यकता बढ्दै गयो, अरुहरुले पनि प्रेममा प्रतिक्रिया जनाउँदै ती आवश्यकताहरु पूरा गरे - यहाँसम्म कि त्यसले बलिदानपूर्ण दानको माग नै किन नगरेको होस् ।

लूकाले पछि मण्डलीको बारेमा भनेका छन्, "तिनीहरुमध्यै कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमीन कि घरका मालिक थिए, तिनीहरुले ती बेचेर त्यसको मोल ल्याउँथे र प्रेरितहरुका चरणमा राखिदिन्थे र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँडिदिन्थे" (प्रेरित ४:३४, ३५) । उनले यसो पनि भनेका छन्, "र तिनीहरुमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरुका सबैथोक साझा थिए" (प्रेरित ४:३२ ख) ।

दया ख्रीष्टिय मण्डलीको एउटा आधारभूत गुण हो । उहाँको मण्डली त्यहाँ अस्तित्वमा रहन सक्दैन जहाँ उहाँको वचनप्रतिको इमानदारीपूर्ण आज्ञापालनको उपस्थिति हुँदैन, न त उहाँको मण्डली ख्रीष्टको हृदयमा भए जस्तै प्रसस्त दया प्रकट नगरिएसम्म अस्तित्वमा रहन सक्दछ । साँचो ख्रीष्टियानहरुमा कृयाशील भातृ प्रेम हुन्छ जुन तिनीहरुको हृदयमा बास गर्ने परमेश्वरको प्रेमबाट सृष्टि गरिएको हुन्छ । यूहन्ना लेख्दछन्, "कसैसित संसारको धन-सम्पत्ति छ र पनि आफ्ना दाजुभाईलाई खाँचोमा परेको देख्दा उनीहरुप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा बास गर्छ ?" (१ यूहन्ना ३:१७) ।

आत्माले बनाउनुभएको मण्डलीको पहिलो चित्रमा, निःस्वार्थ दया एउटा महत्वपूर्ण गुणको रुपमा स्पष्ट देखा पर्दछ ।

**ख्रीष्टमा एकिकृत**

यस चित्रमा देखिएको ख्रीष्टिय मण्डलीको तेश्रो गुण यसको एकता हो । पवित्र आत्माले, यी मानिसहरुको सुसमाचार र प्रेरितहरुका शिक्षाप्रतिको आज्ञापालनद्वारा, ख्रीष्टिय मण्डलीका सदस्यहरुलाई मनको एकरुपता प्रदान गर्नुभएको हुन्छ । लूका भन्छन्, "विश्वास गर्नेहरु जति सबै एकसाथ बस्थे र तिनीहरुका सबैथोक साझा थिए" (प्रेरित २:४४) । उनी अझ अघि भन्दछन्, "तिनीहरु एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे र घर-घरमा रोटी भाँच्थे र तिनीहरु खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे" (प्रेरित २:४६) ।

जब हामी ख्रीष्टले स्थापना गर्नुभएको मण्डलीमा भएको यो सुन्दरतालाई देख्दछौं, आउनुहोस् हामी स्वयम्लाई मण्डलीको यो पहिलो चित्रको महत्व स्मरण गराऔं । यस चित्रले हामीलाई ख्रीष्टको पृथ्वीको जीवन र मृत्युको परिणाम प्रदान गरेको छ । ख्रीष्ट कस्तो किसिमको मण्डली स्थापना गर्न अथवा सृष्टि गर्न आउनुभएको थियो ? के यो धेरै नामहरु धारण गरेको, फरक-फरक धर्मसारहरु भएको र एक-अर्कासँग संगति नभएको एउटा ठूलो संगठन हो ? अथवा के उहाँले एउटा एकिकृत शरीर निर्माण गर्नुभएको थियो जसमाथि उहाँले शिरको रुपमा शासन गर्नुहुन्छ ? प्रेरित २ मा सम्भवत सारा नयाँ करारमा भन्दा हामी ख्रीष्टले उहाँको मण्डलीले कसरी यो संसारमा जीएको चाहनुहुन्छ भन्ने कुराको अति नै स्पष्ट दृष्य देख्दछौं । यो चित्रले त्रुटीरहित रुपमा मण्डलीमा चित्रण गरिएको मन र जीवनलाई प्रकट गर्दछ । ख्रीष्टले आज पनि आफ्नो मण्डलीको निम्ति यही चाहना गर्नु भएको छ । यो फूट जुन धार्मिक संसारभरी व्याप्त छ, त्यो निश्चय नै मानिसले उसको सारा सांसारिक ज्ञानमा, ख्रीष्टिय मण्डलीलाई त्यागेको छ र उसका आफ्नै मण्डलीहरु बनाएको छ भन्ने एउटा चिन्ह हो ।

प्रभुको मण्डलीको एकतालाई विवाहद्वारा प्रकाश पार्न सकिन्छ । एउटा पुरुष र एउटा स्त्री विवाहमा एक हुँदछन् (एफिसी ५:३१) । उनीहरुको विवाह समारोह पछि उनीहरु एउटा परिवारको रुपमा बदलिन्छन् । अब उनीहरु एक-अर्काका हुँदछन्, र उनीहरुले नयाँ स्वभाव धारण गर्दछन् । स्वार्थी अभिलाषाहरु र व्यक्तिगत लक्ष्यहरु मर्दछ, यो नयाँ परिवारको भलाईको निम्ति नयाँ अभिलाषाहरु र लक्ष्यहरु जीवित हुँदछन् । उनीहरु एउटै हृदय र आत्मा भएर एकतामा सँगै बसोबास गर्दछन्, उनीहरुको घरको सम्भार, प्रेम र भविष्यको निम्ति मिलेर काम गर्दछन् । उनीहरुले यो एकता कसरी प्राप्त गर्दछन् ? उनीहरुको विवाहमा प्रवेश गर्ने साझा सहमतीद्वारा र उनीहरुले पूरा गर्ने विवाहको कानूनद्वारा यो प्राप्त हुँदछ । उनीहरुले यो एकतालाई कसरी कायम राख्दछन् ? उनीहरुले यसलाई एकले अर्कालाई प्रेम गरेर, एक अर्काको फिक्री गरेर, एकले अर्कालाई क्षमा गरेर उनीहरुको विवाहको सपथहरुलाई आदर गरेर र विवाहको आशिषित् अवस्थालाई सम्मान गरेर कायम राख्दछन् ।

के यो कुरा मण्डलीमा पनि सत्य हुँदैन र ? हामी कसरी मण्डलीको एकतामा प्रवेश गर्दछौं ? व्यक्तिगत सहमतीद्वारा हामी हाम्रो जीवन ख्रीष्टको सुसमाचारमा समर्पित गर्ने निर्णय गर्दछौं र उहाँको शरीर मण्डलीमा प्रवेश गर्दछौं । जब हामी त्यो शरीरमा प्रवेश गर्दछौं, हामी पवित्र आत्माद्वारा ख्रीष्टमा र यसका सबै अंगहरुसँग एक बनाइएका हुन्छौं । एउटै हृदय र एउटै आत्माका साथ हामी प्रेम गर्न, सेवा गर्न र उहाँको शरीरको रुपमा जीउन सुरु गर्दछौं । हामीले यो एकतालाई कसरी कायम राख्दछौं ? हामीले एकले अर्कालाई प्रेम र क्षमा गरेर र आराधना, सेवा र दैनिक जीवनमा ख्रीष्टको वचनलाई सम्मान गरेर यसलाई कायम राख्दछौं ।

ख्रीष्टिय मण्डलीको इन्कार गर्न नसकिने एउटा गुण एकता हो । जहाँ विभाजन हुन्छ त्यहाँ ख्रीष्टको साँचो मण्डली अस्तित्वमा रहन सक्दैन । जब हामी ख्रीष्टको शरीरमा प्रवेश गर्दछौं हामीलाई पवित्र आत्माले यो एकता प्रदान गर्नुहुन्छ र उहाँको शरीरको रुपमा जीउँदा, हामीले या त यसलाई कायम राख्दछौं या चोट पुऱ्याउँछौं । ख्रीष्टको शरीरमा विभाजन हरेक ख्रीष्टियानले सोच्न नसक्ने कुरा हुनुपर्दछ । पवित्र आत्माको चित्र अनुसार यो संसारमा एकता पाउन सकिने स्थान भनेको ख्रीष्टको शरीर हो ।

## आज यो मण्डलीलाई कसरी चिन्न सकिन्छ ?

### यसको प्रारम्भलाई विचार गर्नुहोस्

नयाँ करारको मण्डलीलाई चिन्ने चिन्हहरु मध्ये एउटा यो प्रारम्भ भएको समय हो । कुनै पनि मण्डली जुन नयाँ करारको मण्डलीभन्दा फरक समयबाट शुरु भएको छ भने स्पष्ट रुपमा त्यो नयाँ करारको मण्डली होइन ।

आफ्नो व्यक्तिगत सेवाकाईको तीन चौथाई भागमा, येशूले "म मेरो मण्डली स्थापना गर्नेछु" भनी प्रतिज्ञा गर्नुभएको छ (मत्ती १६:१८) । उहाँले उहाँको प्रतिज्ञा उहाँको पुनरुत्थान भए पछिको पहिलो पेन्तिकोसको दिनमा पूरा गर्नुभएको थियो (प्रेरित २:४१-४७) । यस पेन्तिकोसको दिन पछिबाट मण्डलीलाई बाँकी नयाँ करार भरी अस्तित्वमा भएको रुपमा उल्लेख गरिएको छ (प्रेरित ५:११, ७:३८, ८:१, ३) ।

मानी लिनुहोस् कसैले भने रे, "मेरो मण्डली पुरानो करारमा शुरु भएको हो ।" उनको मण्डली धेरै अघि शुरु भएको हो । पुरानो करारले त आउन लागेको राज्यको बारेमा भविष्यवाणी गरेको थियो तर यसमा त्यो स्थापना भएको कुरा लेखिएको छैन । मानी लिनुहोस् अरु कसैले भने रे, "मेरो मण्डली ई.सं. तेश्रो शताब्दीमा स्थापित भएको हो । उनको मण्डली धेरै ढिलो स्थापित भएको हो । यो नयाँ करारको मण्डली हुन सक्दैन । नयाँ करार भविष्यमा कुनै दिन मण्डली स्थापना हुनेछ भनी पर्खदै समाप्त भएको छैन । त्यसको साटो, यो मण्डली संसारभरी बृहद रुपमा बढेर रोमी साम्राज्यलाई हल्लाउँदै गरेको अवस्थाका साथ समाप्त भएको छ ।"

सामान्यतया, प्रोटेष्टेन्ट मण्डलीहरु सोह्रौं शताब्दीमा अस्तित्वमा आएका थिए, सुधारवादी आन्दोलनको अघि अथवा पछि । नयाँ करारमा कुनै प्रकारको सम्प्रदाय पाइँदैन । नयाँ करारको मण्डली स्थापना भएपछि र त्यसको शताब्दीऔं पछि, जब नयाँ करारको आज्ञाबाट पतन हुने कार्य शुरु भयो, र सम्प्रदायहरु बनेका थिए । नयाँ करार त कुनै पनि सम्प्रदाय अस्तित्वमा आउनु भन्दा धेरै अघि मानिसहरु खीष्टियान भएर, जीवन बिताएको र खीष्टको शरीरको रुपमा आराधना गरेको चित्र हो ।

जब तपाईले कुनै एउटा निश्चित मण्डलीको बारेमा विचार गर्नुहुन्छ, "यो वास्तवमा कहिले शुरु भएको हो ?" भनी सोध्नुहोस् । यदि यो हाम्रा प्रभुको पुनरुत्थान भएको पहिलो पेन्तिकोस समयभन्दा कुनै पछिको समयमा हो भने, यो नयाँ करारको मण्डली हुन सक्दैन ।

**यसको लक्ष्यलाई विचार गर्नुहोस्**

नयाँ करारको मण्डलीलाई चिन्ने अर्को गुण भनेको यसको उद्देश्य अथवा लक्ष्य हो । नयाँ करारको मण्डलीको यो संसारको लक्ष्य भनेको नयाँ करारको मण्डली हुनु बाहेक अरु केही हुँदैन । यसले त्यो जस्तै-जस्तै हुने, त्यस्तै लक्षण भएको अथवा त्यसको करिब हुने चाहना गर्दैन । यसले त त्यही हुने चाहना गर्दछ ।

जब "कुन नयाँ करारको मण्डली हो ?" भन्ने प्रश्नको बारेमा सोच्नु पर्ने हुन्छ भने, तपाईले कुनै एउटा निश्चित मण्डलीलाई सोध्न सक्नुहुन्छ "यो संसारमा यसको लक्ष्य वा उद्देश्य के हो ?" नयाँ करारको मण्डली यस संसारमा भएको खीष्टको शरीर थियो । पावलले भनेका छन्, "त्यसरी नै हामी जो धेरै छौं, हामी पनि खीष्टमा एउटै शरीर हौं र प्रत्येक एक-अर्काका अंश हौं" (रोमी १२:५) । कुनै मण्डली जसले उसको समुदायमा सामान्य रुपमा नयाँ करारको मण्डली हुन खोजी रहेको छैन भने त्यो नयाँ करारको मण्डली होइन ।

खीष्टले मानिसहरुलाई कुनै एउटा सम्प्रदाय भएर उहाँका चेलाहरु हुन बोलाउनु हुँदैन । उहाँले तिनीहरुलाई उहाँको शरीर भएर यस संसारमा उहाँको चेलाहरु हुन बोलाउनु हुन्छ । यो शरीरले उहाँको नाम धारण गर्नुपर्दछ, उहाँको नाममा एक साथ भेला भएर आराधना गर्नुपर्छ र उहाँको महीमाको निम्ति यस संसारमा उहाँको काम गर्नु पर्दछ ।

**यसका अभ्यासहरु विचार गर्नुहोस्**

नयाँ करारको मण्डली चिन्ने अर्को चिन्ह भनेको यसका अभ्यासहरु हुन् । मण्डली नयाँ करारको मण्डली हो भन्नु एउटा कुरा हो, तर त्यो मण्डली के हो भनी त्यसका अभ्यासहरुबाट ती कुरा झल्काउनु अर्कै कुरा हो । कसैले पनि नयाँ करारको मण्डली हौ भनी दावा गर्न सक्दछन्, तर त्यस दावाको प्रमाण भनेको सधै त्यसको अभ्यास हुन्छ ।

नयाँ करारको मण्डलीका अभ्यासहरुलाई नयाँ करारमा सजिलै देख्न सकिन्छ । नयाँ करारको मण्डली आराधनाको र रोटी भाँची प्रभुको मृत्युको सम्झना गर्नको निम्ति प्रत्येक हप्ताको पहिलो दिन भेला हुने गर्दथ्यो (प्रेरित २०:७, १ कोरिन्थी ११:२०, हिब्रू १०:२५) । ख्रीष्टियानहरुले हृदयले धुन निकाल्दै र एक अर्कालाई सुधार गर्दै गाउनु पर्ने हुन्छ । नयाँ करारले तिनीहरुको आराधनाको संगीतमा तिनीहरुले बाद्ययन्त्रको प्रयोग गरेको संकेत गरेको छैन, न त यसले त्यसो गर्ने आज्ञा दिएको छ (एफिसी ५:१९, कलस्सी ३:१६) । तिनीहरुले आफ्नो भौतिक उन्नतिबाट परमेश्वरको काम गर्न र गरिबहरुलाई सहायता गर्न प्रत्येक हप्ताको पहिलो दिन दान दिने गर्थे (१ कोरिन्थी १६:१-२) । तिनीहरु सँगै प्रार्थना गर्ने गर्थे र प्रेरणा प्राप्त मानिसहरुले प्रकट गरेका परमेश्वरको इच्छामाथि ध्यान गर्ने गर्थे (प्रेरित २:४२) । (हेर्नुहोस् : "तपाइले येशूसँग के गर्नु हुन्छ" खण्डको तेश्रो खुड्किलो) । त्यस्ता अभ्यासहरु जस्तै मूर्तिपूजा गर्नु र आराधनामा मैनबत्ती अथवा धूप बाल्नु आदि आज्ञा गरिएका छैनन् र ती नयाँ करारको मण्डलीको अभ्यासका अंगहरु होइनन् । नयाँ करारको प्रत्येक मण्डली यसका रेखदेख गर्नेहरु अथवा एल्डरहरुद्वारा स्वयम् शासित हुन्छ (१ तिमोथी ३:१-७) र येशूलाई मण्डलीको एक मात्र शिरको रुपमा हेर्दछ । डिकनहरु (१ तिमोथी ३:८-११) र प्रचारकहरु (२ तिमोथी ४:१, २) एल्डरहरुको रेखदेखमा मण्डलीमा सेवा गर्दछन् ।

नयाँ करारको मण्डलीलाई चिन्नको निम्ति, हामीले नयाँ करारको मण्डलीले अभ्यास गर्ने गुणहरुको सूची बनाउनै पर्दछ र ती हामीले हाम्रो वरीपरी देख्ने मण्डलीहरुसँग त्यस सूचीको तुलना गर्नै पर्दछ । जब हामीले साँचो रुपमा मिल्ने पाउँदछौं, जब हामीले एउटा त्यस्तो मण्डली पाउँदछौं जसले नयाँ करारको नमूना पछ्याउँदछ भने हामीले नयाँ करारको मण्डली, प्रभुको मण्डली पाएका हुन्छौं ।

**यसका नामहरु विचार गर्नुहोस्**

नयाँ करारको मण्डलीको अर्को चिन्न सकिने चिन्ह यसका नामहरु हो । विवरणात्मक वाक्यांशहरु जुन नयाँ करारको मण्डलीको निम्ति बाइबलमा प्रयोग भएका छन् त्यसले यसलाई सम्प्रदायहरुबाट अलग गर्दछ ।

नयाँ करारको मण्डलीलाई नयाँ करारमा "ख्रीष्टको शरीर" (एफिसी ४:१२), "परमेश्वरको मण्डली" (१ कोरिन्थी १:२), "ख्रीष्टका मण्डलीहरु" (रोमी १६:१६), "पहिले जन्मेकाहरुको मण्डली" (हिब्रू १२:२३), "स्वर्गको राज्य" (मत्ती १६:१९), र सामान्य रुपमा "मण्डली" (एफिसी १:२२) भनी उल्लेख गरिएको छ । यी वाक्यांशहरुले मण्डलीको गुण र परिचयलाई वर्णन गरेका छन् । यी कुनै नामहरु भन्दा बढि विवरणहरु हुन् ।

यदि तपाई एउटा मण्डलीको बारेमा सोची रहनु भएको छ जुन नयाँ करारमा नपाइने वाक्य अथवा नामले चिनिन्छ भने के हुन्छ ? निश्चय नै हामीले यो स्वीकारयोग्य छैन भनी मान्नै पर्ने हुन्छ । पहिलो, यदि यो मण्डली नयाँ करारको मण्डली हो भने, किन यसले आफ्नो निम्ति त्यस्तो नाम प्रयोग गर्दछ जुन नयाँ करारको निम्ति अपरिचित छ ? दोश्रो, यदि यो मण्डली नयाँ करारको मण्डली हो भने, यसले किन मण्डलीको निम्ति नयाँ करारमा भएको एउटा वाक्यांश प्रयोग गर्दैन जसले सबैका निम्ति यो नयाँ करारको मण्डली हो भन्ने संकेत गर्दछ ? तेश्रो के नयाँ करारको मण्डलीको निम्ति त्यसको

बारेमा वास्तवमा सोच्दै नसोची कुनै यस्ता वाक्य प्रयोग गर्न सम्भव छ जुन नयाँ करारको निम्ति अपरिचित हुन्छ ? निश्चय नै, जब यो कुरा प्रति उनीहरुको ध्यान आकर्षित गरिन्छ, उनीहरुले खुसीसाथ नयाँ करारका नामहरु राख्नेछन् जसले गर्दा कसैले पनि उनीहरु नयाँ करारको मण्डली बाहेक अरु हुन् भन्ने गल्ती नगरुन् ।

यदि कुनै मण्डली नयाँ करारको मण्डली हुन चाहन्छ भने, नयाँ करारका मण्डलीका गुणहरु विकसित गर्नुपर्ने हुन्छ र सबैले यो नयाँ करारको मण्डली हो भन्ने थाहा पाएका हुन् भन्ने चाहना राख्नु पर्दछ, यसले स्वयम्को निम्ति यो नाम प्रयोग गर्नु पर्दछ, त्यो मात्र जुन नयाँ करारको मण्डलीलाई दिइएको छ ।

## निष्कर्ष

पवित्र आत्माले बनाउनुभएको नयाँ करारको मण्डलीको चित्रले तीनवटा अद्भुत गुणहरु प्रकट गरेको छ जसले ख्रीष्टिय मण्डलीलाई अरु सबै कालका सबै धार्मिक समूहहरुभन्दा अलग बनाएको छ । प्रथमतः उहाँको मण्डली मानिसहरुको एउटा समूह हो जो उहाँको वचन प्रति आज्ञापालक हुन्छन् र जो निरन्तर उहाँको प्रेरणा प्राप्त वचनमा कायम रहन्छन् । दोश्रो, उहाँको मण्डली एक अर्का प्रतिको दयाद्वारा पनि चित्रण गरिएको छ, एउटा प्रेमिलो वास्ता जसले एउटा आवश्यकतामा परेको मण्डलीको सदस्यलाई कुनै पनि भौतिक धन र दौलतभन्दा धेरै महत्वपूर्ण ठान्दछन् । तेश्रो प्रत्येक व्यक्ति जो सुसमाचारद्वारा ख्रीष्टको मण्डलीमा प्रवेश गरेका हुन्छन् उनी ख्रीष्टसँग र अरु सबै सदस्यहरुसँग पवित्र आत्माद्वारा एक बनाइएका हुन्छन् र उहाँको प्रेम र ख्रीष्टको वचनलाई दैनिक अवलम्बन गरी त्यो एकता कायम राख्दछन् । मण्डलीलाई एउटै हृदय र जीवन भएको एउटा परिवारको रुपमा चित्रण गरिएको छ ।

त्यसो भए, कसरी हामी आज ख्रीष्टिय मण्डली हुन सक्दछौं ? दुइवटा शब्दले यो विधिलाई संकेत गर्दछ : “नक्कल” र “समर्पण” । आउनुहोस् ख्रीष्टको चेलाहरु हुने मार्गको नक्कल गरौं जुन यो पाठमा पाईन्छ । ती मानिसहरुले पनि ख्रीष्टको वचन पत्रुसले प्रचार गरेको सुनेका थिए र कराएर भनेका थिए, “हामीले के गर्ने ?” पत्रुसले तिनीहरुलाई जवाफ दिँदै भनेका थिए, “पश्चाताप गर, र तिमीहरुका पापक्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिष्मा लेऊ; ... (प्रेरित २:३८) । तिनीहरुमा वचनबाट रोपिएको विश्वासद्वारा, तिनीहरुले पश्चाताप गरेर, तिनीहरुका पापक्षमाको निम्ति बप्तिष्मा लिएका थिए र प्रभुले तिनीहरुलाई उहाँको मण्डलीमा थप्नुभएको थियो । मानिसहरुलाई उहाँको आफ्नो बनाउने यो ख्रीष्टको तरिका हो । जब कसैले आज यो मार्ग पछ्याउँछन् भने, ख्रीष्टले उसको निम्ति त्यही गर्नु हुनेछ जे उहाँले तिनीहरुको निम्ति गर्नुभएको थियो । उहाँले हामी प्रत्येकलाई त्यस्तै प्रेम गर्नु हुन्छ जस्तो तिनीहरुलाई गर्नु भएको थियो, उहाँ हाम्रो निम्ति मर्नुभएको हो जस्तो उहाँ तिनीहरुको निम्ति मर्नुभएको थियो ।

आउनुहोस् ख्रीष्टको वचनको पालना र समर्पणमा स्वयम्लाई उहाँको मण्डलीको रुपमा जीउँदै समर्पित गरौं । यो प्रेरित २ मा भएको चित्र अनुसार ख्रीष्टको वचनमा टिकेर, ख्रीष्टको हृदयका साथ जीवन बिताएर र ख्रीष्टमा उहाँको मण्डलीमा पवित्र आत्माले दिनुभएको एकतालाई कायम राखेर गरिनु पर्दछ ।

अब हामीले थाहा पायौं ख्रीष्टको मण्डली कतो देखिँदो रहेछ, आउनुहोस् ख्रीष्टिय मण्डली हुने निर्णय गरौं ।

## अध्ययन प्रश्नहरु

१. "प्रेरितहरुको शिक्षामा तिनीहरु भक्तिसाथ लागिरहन्थे" भन्ने वाक्यको अर्थबारे छलफल गर्नुहोस् (प्रेरित २:४२) । यस वाक्यको अर्थ आज हाम्रो निम्ति के हुन्छ ?
२. यरुशलेमको मण्डलीमा कस्तो प्रकारको एकता थियो ? वर्णन गर्नुहोस् ।
३. खीष्टको मण्डली आज कस्तो देखिनु पर्दछ ?
४. कुन मण्डली नयाँ करारको मण्डली हो भनी गरिने निर्णय किन दुरगामी प्रभाव पार्ने निर्णय हो ?
५. धर्मशास्त्रका पक्षहरुको सूची बनाउनुहोस् जसले नयाँ करारको मण्डली पेन्तिकोसको दिनमा प्रेरित २ मा शुरु भएको थियो भन्ने देखाउँदछ ।
६. सम्प्रदायहरुको उदय कहिले भएको थियो ?
७. खीष्टको शरीर के मिलेर बनेको हुन्छ - व्यक्तिगत खीष्टियानहरु अथवा साम्प्रदायिक मण्डलीहरु ? (हेर्नुहोस् १ कोरिन्थी १२:२४)
८. किन मण्डलीले आफ्नो नाम त्यस्तै राख्नु पर्ने हुन्छ जस्तो तरिकाले नयाँ करारमा भएको मण्डलीले राखेको छ ?
९. के नयाँ करारको मण्डलीका अभ्यासहरु आज पनि पछ्याउनु पर्दछ ?

## शब्द सहायताहरु

**उहाँमा रहनु -** येशूको वचनलाई प्रेम गर्नु, अध्ययन गर्नु र पालन गर्नु (यूहन्ना ८:३०-३२) ।

**रोटी भाँच्नु -** प्रभुभोज लिनु । (हेर्नुहोस् प्रेरित २:४२, २०:७) ।

**डिकनहरु -** योग्य मानिसहरु (१ तिमोथी ३:८-१३) जो झुण्डमा सेवा गर्न चुनिएका हुन्छन् । उनीहरु एल्डरहरुको मातहतमा रहेर सेवा गर्दछन् । (फिलिप्पी १:१, प्रेरित २०:२८) ।

**एल्डरहरु -** परिपक्व (पाका) खीष्टियान मानिसहरु जो स्थानीय मण्डलीहरुमा रेखदेख गर्ने सेवा गर्न चुनिएका हुन्छन् (१ तिमोथी ३:१-७) ।

**बाद्ययन्त्रको संगीत -** मानिसले बनाएका यन्त्रहरु जस्तै तार, वायु र काँसका यन्त्रहरु, कि बोर्ड, अथवा ड्रम आदि । यस्ता संगीतहरुको उल्लेख नयाँ करारमा मण्डलीको आराधनाको सम्बन्धमा गरिएको छैन । भजन गीत हाम्रो सार्वजनिक सेवा-आराधनाको अंश भएको परमेश्वर चाहनु हुन्छ (हिब्रू २:१२ ख, एफिसी ५:१९, कलस्सी ३:१६) । याकूब ५:१३ मा व्यक्तिगत भक्तिसंगतिहरुमा पनि भजनगीत गाउन उत्साहित गरिएको छ ।

**प्रोटेस्टेन्ट -** मानिसहरुले बनाएका धार्मिक समूहहरुलाई दिइएको नाम जसको विश्वास र अभ्यासहरु प्रोटेस्टेन्ट सुधारवादका सिध्दान्तहरुमा आधारित हुन्छन् । या आन्दोलनका अगुवाहरुले केही क्याथोलिक अभ्यासहरुको विरोध - "प्रोटेस्ट" गरेका थिए (जस्तै पोप र पूजाहारीको अधिकारलाई मान्ने) । यद्यपि यस आन्दोलनले केही गल्तीहरुलाई अस्वीकार गरेको थियो, तर नयाँ करारको मण्डली त परमेश्वरको वचनमा आधारित हुनु पर्दछ - अरुहरुले अभ्यास गर्ने कुराहरु प्रतिको प्रतिकृयामा होइन ।